# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ (संख्या २)जेष्ठ १८ गते २०८१


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

# नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०१/१६

**प्रस्तावना,**

चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र बसोबास गर्ने विपन्न, गरिब,जेहेन्दार, दलित जनजाति तथा पिछाडिएका वर्गका सामुदायिक माध्यमिक विद्यालयमा (९-१२ कक्षा) अध्ययनरत प्रति विद्यालयका न्यूनतम दुई जना छात्राहरुलाई छनौट गरि उनीहरुको लागि सामान्यतया आवश्यक शैक्षिक सामग्री, विद्यालय पोशाक र सन्दंभ सामग्री किनेर सिकाइमा सहजीकरण गरि शिक्षा प्राप्त गर्ने मौलिक हकको सुनिश्चितता र गुणस्तरीय शिक्षा प्राप्त गर्नका लागि नगर उपप्रमुख छात्रवृति प्रत्येक वर्ष उपलब्ध गराउन आवश्यक कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकाले,

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि २०८१ जारी गरेको ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ।

(ग) "कार्यपालिका सदस्य" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिका सदस्य सम्झनुपर्छ ।

(घ) "छात्रवृत्ति" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले खडा गरेको नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका सम्झनुपर्छ ।

(च) "नगरक्षेत्र" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र पर्ने भौगोलिक क्षेत्र सम्झनुपर्छ





।

(छ) "प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ज) "उपप्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र सो शब्दले निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई सम्झनु पर्दछ ।

(ज) "छात्रवृति छनोट समिति" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाले नगरक्षेत्रभित्रका तोकिए बमोजिमका विद्यार्थीलाई दिइने छात्रवृत्ति सम्बन्धि व्यवस्थापन गर्न दफा ४ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ ।

**३. नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सम्बन्धि व्यवस्था :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालय कक्षा(९-१२) सम्म अध्ययनरत छात्राहरुका लागि पढ्न तथा पढ्नका लागि सामान्यतया आवश्यक शैक्षिक सामग्री, विद्यालय पोशाक र सन्दंभ सामग्री किनेर सिकाइमा सहजीकरण गरि शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरि गुणस्तरीय शिक्षा प्राप्त गर्नका लागि नगर उपप्रमुख छात्रवृति प्रत्येक वर्ष उपलब्ध गराउन सक्ने गरि एक नगर उपप्रमुख छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका छात्रवृत्ति कार्यक्रममा प्रत्येक आ.व.मा चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर सभाबाट पारित गरि आवश्यक बजेटको व्यस्थापन गरिनेछ ।

**४. नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति सम्बन्धि व्यवस्था :** नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रमलाई निष्पक्ष रुपमा वास्तविक आर्थिक अवस्थाको पहिचानको आधारमा छात्रवृत्ति वितरण गर्नको लागि नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक छात्रवृत्ति छनोट सञ्चालक समिति गठन गरिनेछ ।

(क) उपप्रमुख -संयोजक

(ख) नगर उपप्रमुखले तोकेको कार्यपालिको एकजना महिला सदस्य -सदस्य

(ग) नगर शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**५. नगर उपप्रमुख छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र कार्यक्रम सम्बन्धि व्यवस्था :** नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्ति प्रदान गर्दा सामुदायिक माध्यमिक विद्यालयका अन्तर्गत देहाय बमोजिमका विषयमा मात्र प्रदान गरिनेछ ।

(क) सामुदायिक विद्यालय साधारण तथा प्राविधिक धारतर्फका माध्यमिक तह कक्षा (९-१२) सम्म अध्ययन गर्ने छात्राहरु प्रति विद्यालय न्यूनतम दुई जना

**६. सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने :** नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत दफा ५ बमोजिम सामुदायिक माध्यमिक विद्यालयलाई कक्षा(९-१२) अध्ययन गर्ने प्रति विद्यालयका दुई जना छात्रा विद्यालयलाई सिफारिस सहित शाखामा बुझाउनका लागि सञ्चालक समितिले १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नु छ सो सूचनाको आधारमा सम्बन्धित विद्यालयले तोकिएको समयावधी भित्र दुई जनाको नाम सिफारिस गरि पठाउनु पर्ने छ ।

**७. छात्रवृत्तिको रकम वितरण सम्बन्धि व्यवस्था :** नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्ति रकम प्रदान गर्दा छात्रवृत्ति छनोट समितिको निर्णय बमोजिम नगद वा नजिकको बैंक खातामा जम्मा गर्न सकिनेछ ।

**८. अभिभावकले जिम्मेवारी पुरा गर्नुपर्ने :** नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुका अभिभावकले निश्चित तोकिएको शीर्षकमा रकम खर्च गर्नु पर्ने छ । राष्ट्रबैंकबाट इजाजत प्राप्त नजिकको बैकमा खाता खोल्न र रकम झिकी उपयुक्त शीर्षकमा त्यस्तो छाबवृत्तिले शैक्षिक सामग्री, विद्यालय पोशाक र सन्दंभ सामग्रीमा मात्र खर्च गर्नु पर्नेछ ।

**९. पूर्ण छात्रवृत्ति प्रदान गर्न सक्ने :** चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख छात्रवृत्ति

कार्यक्रमबाट सामुदायिक माध्यमिक विद्यालयबाट एस.इ.इ मा ए र ए प्लस जी पि ए ल्याउने दुई जना छात्राहरुलाई कक्षा ११ र १२ कक्षा नि:शुल्क अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

**१०. मापदण्ड सम्बन्धि व्यवस्था :** (१) नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रमबाट आर्थिक सहायता प्राप्त गर्नको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको उम्मेद्वार योग्य हुनेछ।

(क) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको भौगोलिक क्षेत्रभित्र बसोबास गरिरहेको वडाको सिफारिस

(ख) पैत्रिक सम्पति सम्बन्धि विवरण तथा आर्थिक रुपमा नाजुक भएको सिफारिस ।

(ग) दलित, जनजाति, महिला, अपाङ्ग, विपन्न, गरिब, जेहेन्दार तथा पिछाडिएको वर्गलाई प्राथमिकता दिएको हुनुपर्ने ।

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको कुनैपनि सेवामा बहालवाला कर्मचारीहरुका छोरीहरुलाई नगरउपप्रमुख छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्तिको लागि रकम उपलब्ध गराईने छैन ।

**११. छनौट समिति सम्बन्धि व्यवस्था :** छात्रवत्ति कार्यक्रमबाट छात्रवृत्ति प्रदान गर्न छात्राछनौट गर्दा विद्यालयबाट प्राप्त सिफारिस सहित आएको नामहरुलाई छनोट समितिले कार्यविधिको परिधिमा रहि छनौट गर्नुपर्नेछ ।

**१२.संशोधन गर्न सक्ने :** यस कार्यविधिमा तथा यसका दफामा कुनै संशोधन गर्नु परेमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. स्वतः खारेज हुने :** यो कार्यविधि तथा यसका कुनै दफा संघिय कानून, प्रदेश कानून वा अन्य कानूनसाग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

खण्ड ७ (संख्या २)जेष्ठ १८ गते २०८१

**अनुसूची -१**

(दफा १३ साग सम्बन्धित)

**सम्झौता-पत्र**

चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति (यस पहिले पक्ष मानिने) र छात्रवृत्ति कार्यक्रम अन्तर्गत रकम प्राप्त गर्ने छात्राहरु (यस पछिदोस्रो पक्ष भनिने) बिच मिति २०८१/ / मा भएको सम्झौता पत्र

पहिलो पक्ष

१.दोस्रो पक्षले अध्ययन गर्ने कक्षा साग सम्बन्धित तथा अन्य आवश्यक कागजजात स्वीकृत गर्ने ।

२.दोस्रो पक्षलाई प्रदान गरिने छात्रवृत्ति रकम प्रत्येक आ.व.को बीचमा वाणिज्य बैंक वा नेपाल एस बी आई बैंकमा खोलिएको खातामा जम्मा गरिदिने।

३. सम्बन्धित शैक्षिक संस्थासाग आवश्यक सहजीकरण गरिदिने ।

४.कार्यविधिमा उल्लेखित कार्यविरुद्ध कार्य गरेमा उपलब्ध गराउने छात्रवृत्ति रकम रोक्का गर्ने ।

दोस्रो पक्ष

१. आवश्यक शैक्षिक योग्यता तथा अन्य आवश्यककागजजात पेश गर्ने ।

२.दोस्रो पक्षले अध्ययन गर्दा बेहोनुपर्ने रकम जम्मा गरेको बैंक भौचर पेस गर्ने ।

३.अध्ययन गरेको विवरण विद्यालयबाट प्राप्त गरि पहिलो पक्षसाग पेस गर्ने ।

४.अध्ययनरत संस्थाको गतिविधिको बारेमा पहिलो पक्षलाई जानकारी गराउने ।

५.कार्यविधिमा उल्लेखित मापदण्डहरु पालना गर्ने ।


६.माथि उल्लेखित भएका सम्झौताका शर्त पालना गर्न हामी दुवै पक्ष मञ्जुर छौ ।

सम्झौता अवधि:- सम्झौताको अवधि २०८१/४/१देखि अवधि २०८१/३/३० सम्ममात्र लागू हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम | नाम |
| पद | पद |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |

नगर उपप्रमुख छात्रवृत्ति कार्यक्रम सञ्चालक समिति

| पहिलो पक्षको तर्फबाट साक्षी | दोस्रो पक्षको तर्फबाट साक्षी |
|---|---|
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति २०८१ | मिति २०८१ |



आज्ञाले

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत